# भेलेन्या सम्बन्धी समाचार

**भेलेन्या** आधुनिक वास्तुकला र बढ्दो अन्तरसाँस्कृतिक खुल्लापन रहेको एक नयाँ, आधुनिक युरोपेली शहर हो । तेह्रौं शताब्दिमा यो पहिलो पटक एक बजारको रूपमा उल्लेख गरिएको थियो भने यो दोस्रो विश्व युद्धपछि एक शहरको रूपमा विकसित भएर आयो; सेप्टेम्बर 20, 1959 मा नवनिर्मित नगर केन्द्रको विधिवत् उद्घाटन गरिएको थियो । आज, भेलेन्या एक शहरी नगरपालिका पनि हो । यसमा 25 वटा वस्तीहरू छन् जहाँ लगभग 33,000 जनसंख्या बसोवास गर्छन् जसमध्ये लगभग 25,000 शहरमा बस्छन् । यो स्लोभेनियाको सबैभन्दा महत्वपूर्ण आर्थिक केन्द्रहरूमध्ये एक हुनुको साथसाथै साभिन्या-सालेक क्षेत्रको रोजगारी, प्रशासनिक र शैक्षिक केन्द्र पनि हो । भेलेन्याको आर्थिक विकासका स्तम्भहरूमा कोइला खानी, ऊर्जा क्षेत्र, धातु र विशेषीकृत सेवाहरू पर्दछन्; पछिल्लो समयमा पर्यटन पनि पर्दछन् । भेलेन्याको सुव्यवस्थित पूर्वाधार र आतिथ्यताले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा धेरै पुरस्कार प्राप्त गरेको छ । शहर (390 मीटरको उचाइ - टिटो स्क्वायर) र यस वरपरको प्राकृतिक दृश्य मनोरम छ र सजिलै पुग्न सकिन्छ: शहरी पार्क, जङ्गल, ताल, पैदल यात्रामा, साइकल चलाउन र पर्वतारोहण मार्ग । खेलकुदका आधुनिक केन्द्रहरू, सांस्कृतिक संस्थानहरू, सङ्ग्रहालयहरू, शैक्षिक संस्थानहरू र विभिन्न समाजहरू, क्लबहरू र सर्जकहरूले शहरको धड्कनमा योगदान पुर्‍याउँछन् । भेलेन्या यसका विविध खेलकुद, मनोरञ्जन, पर्यटन र सांस्कृतिक कार्यक्रमहरूका लागि प्रख्यात छ । यो सङ्गीत, नृत्य, कविता र नवोदित विचारहरूको शहर हो । धेरै लब्धप्रतिष्ठित व्यक्तिहरूले भेलेन्याको इतिहास लेख्नेछन्: भेलेन्याका पुरस्कृत अर्थशास्त्री, वैज्ञानिक, कलाकार, खेलाडी, राजनीतिज्ञ, आदि छन् । भेलेन्या विभिन्न प्राकृतिक स्थलहरूले चिनिएको सांस्कृतिक स्मारकहरूको शहर हो, र विशेष रूपमा महोत्सव र मानिसहरू जसले तपाईंलाई मायालु निमन्त्रणा दिइरहेका छन् र व्यग्रताका साथ तपाईंको आगमनको प्रतीक्षामा छन् । *- पुराना र नयाँ मित्रहरूलाई भेलेन्यामा स्वागत छ !*

© UVKF/Velenika/Leemeta